# प्रकाशकीय

केही वर्षयता मिडियाबारे पुस्तक प्रकाशनमा मार्टिन चौतारीको रुचि बढेको छ । हामी आफैंले नै अनुसन्धान गरेर पुस्तक प्रकाशन गर्ने कार्यसँगै मिडियाबारे अनुसन्धान/लेखन गरिरहेका अन्य व्यक्तिहरूको कामलाई सघाउने र उनीहरूको पुस्तक परिमार्जन गर्ने काम पनि अघि बढिरहेको छ । यसैअन्तर्गत प्रमोद प्रधानको *मोरङमा पत्रकारिताको अर्धशताब्दी* प्रकाशन गरिएको हो । योभन्दा अघि डा. देवीप्रसाद ओझाको पुस्तक *सुदूरपश्चिममा पत्रकारिता* र केशवराज पराजुलीको *सम्पादकको कलम* हामीले प्रकाशन गरिसकेका छौं । अन्य लेखकको काम सम्भव तुल्याउने र उनीहरूको लेखनलाई परिमार्जन गर्न सहयोग पुऱ्याउने कार्य मिडिया-अध्ययन परम्परा बलियो बनाउने काम हो । यसर्थ हामी यसमा लागिपरेका हौं ।

२०५८ सालमा हामीले क्षेत्रीय मिडियाबारे गरेको अनुसन्धानको क्रममा प्रमोद प्रधानसँग भेट भएको हो । उक्त अनुसन्धानपछि प्रकाशित पुस्तक *क्षेत्रीय मिडिया विगत र वर्तमान*मा मोरङको पत्रकारिताबारे उहाँको छोटो लेख समावेश छ । त्योभन्दा निकै अघिदेखि उहाँले मोरङको पत्रकारिताबारे लेख्दै आउनु भएको हो । यस पुस्तकमा समावेश भएका तथ्यहरूले पनि यस क्षेत्रमा उहाँको लामो समयदेखिको रुचिलाई उजिल्याउँछ । उक्त छोटो लेख लेख्नुभन्दा धेरै अघिदेखि प्रमोद प्रधानसँग मोरङको पत्रकारिताबारे पुस्तक लेख्ने योजना थियो । पुस्तकको प्रारूप पनि उहाँले तयार पारिसक्नु भएको थियो । यी सबै प्रकृयाबारे विस्तृतमा यसै पुस्तकको प्राक्कथनमा पनि उल्लेख छ । नेपाली मिडियाबारे स्रोत सामग्री बढाउने लक्ष्यअनुसार *मोरङमा पत्रकारिताको अर्धशताब्दी* प्रकाशन गर्न हामी इच्छुक भयौं । त्यसपछि पुस्तकको पाण्डुलिपीमा हामीले

गरेका टिप्पणी र परिमार्जनका सुझावअनुरूप लेखकबाट संशोधन र पुनर्लेखन कार्य भयो । यसरी परिमार्जनका विभिन्न चरण पार गर्दै यो पुस्तक प्रकाशन भएको हो । यी कार्यहरू गर्दा जुन धैर्य, लगाव र प्रतिबद्धता प्रमोद प्रधानमा थियो त्यसको हामी कदर गर्दछौं ।

मोरङको पत्रकारिताबारे विभिन्न कालखण्डलाई सम्बोधन गर्दै विगतमा पनि केही लेखनीहरू देखा परेका हुन् । यद्यपि ती अपर्याप्त थिए । यो कमीको सम्पूर्ण क्षतिपूर्ति यस पुस्तकले गर्छ भन्ने दावी लेखक र प्रकाशक दुबैको होइन । तर यो पुस्तकले मोरङको पत्रकारिताको साङ्गोपाङ्गो संसार कोरेको छ । मोरङको पत्रकारिताबारे विविध तथ्यहरू यो पुस्तकमा औधी  मिहिन र विस्तृत रूपमा प्रस्तुत भएका छन् । त्यसैले विश्वस्त भएर भन्न सकिन्छ अबका दिनमा हुने मोरङको पत्रकारिताको अध्ययन अन्वेषणको लागि यो अपरिहार्य आधार हुने छ । यसको मतलब यस पुस्तकमा कमी कमजोरी छैनन् वा नहोलान् भन्ने होइन । यद्यपि नेपालमा क्षेत्रीय मिडियाको लेखन र बहसलाई प्रवर्द्धन गर्न यो पुस्तक उपयोगी हुने कुरामा निश्चित हुन सकिन्छ । अझ विशेषतः धेरै क्षेत्रमा मोरङ अग्रणी रहेको विश्वास पालेर बसेकाहरूलाई त्यहाँको पत्रकारिता देशका अन्य धेरै क्षेत्रभन्दा किन निकै पछि परेको हो भनेर कमीकमजोरी केलाउने आधार पनि यो पुस्तकले दिने छ । त्यसैले मोरङको पत्रकारिताबारे लेख्ने र बहस गर्ने अभ्यासलाई यस पुस्तकको प्रकाशनले थप निरन्तरता दिने छ भन्ने हामीले ठानेका छौं ।

यस पुस्तकको सम्पादनमा डेनिश अन्तर्राष्ट्रिय विकास सहयोगको मानव अधिकार असल शासन सल्लाह एकाइ (DANIDA/HUGOU) बाट सानो आर्थिक सहयोग प्राप्त भएको थियो । यसको लागि उक्त संस्थालाई धन्यवाद छ । पुस्तक प्रकाशनको सम्पूर्ण आर्थिक सहयोग बुद्ध एयर प्रा.लि.ले गरेको हो । यसका लागि बुद्ध एयर प्रा.लि. र त्यस कम्पनीका प्रबन्ध निर्देशक वीरेन्द्र बहादुर बस्नेत प्रति हामी आभारी छौं ।

**मार्टिन चौतारी**